# स्थानीय तह सदस्य निर्वाचन, २०७९

## बारम्बार सोधिने प्रश्नहरु (FAQ)



**निर्वाचन आयोग, नेपाल**

कान्तिपथ, काठमाडौं

## १. स्थानीय तह भनेको के हो ?

नेपालको संविधान अनुसार स्थानीय तह भन्नाले गाउँपालिका, नगरपालिका र जिल्ला सभा हो ।

## २. गाउँपालिका भनेको के हो ?

गाउँपालिका एक भौगोलिक तथा शासकीय तह हो ।

## ३. गाउँ कार्यपालिका भनेको के हो ?

गाउँपालिकाको कार्यकारिणी अङ्ग गाउँ कार्यपालिका हो ।

## ४. गाउँ सभा भनेको के हो ?

गाउँपालिकाको व्यवस्थापकीय कार्य गर्ने अङ्ग गाउँ सभा हो ।

## ५. नगरपालिका भनेको के हो ?

नगरपालिका एक भौगोलिक तथा प्रशासनिक इकाई हो ।

## ६. नगर कार्यपालिका भनेको को हो ?

नगरपालिकाको कार्यकारिणी अङ्ग नगर कार्यपालिका हो ।

## ७. नगर सभा भनेको के हो ?

नगरपालिकाको व्यवस्थापकीय कार्य गर्ने अङ्ग नगर सभा हो ।

## ८. गाउँ सभा कसरी बन्छ ?

गाउँ कार्यपालिकाको अध्यक्ष र उपाध्यक्ष, गाउँपालिका भित्रका वडाका वडा अध्यक्षहरू, प्रत्येक वडाबाट निर्वाचित हुने दुई महिला (१ जना दलित) सहित चार जना सदस्यहरू रहेको र यी सदस्यको सभाले उक्त गाउँपालिका भित्रका दलित वा अल्पसङ्ख्यक समुदायबाट निर्वाचित गरेका दुई जना सदस्यहरू समेत मिलेर गाउँसभा बन्छ ।

## ९. दलहरूले महिला वडा सदस्यमा उम्मेदवारी दिँदा कसरी दिनु पर्दछ ?

दुई जना महिला वडा सदस्यको लागि दलहरूले मनोनयनपत्र दर्ता गर्दा दलित महिला को स्थानमा दलित महिला नै उम्मेदवार दिनु पर्ने र अर्को महिलाको स्थानमा महिला नै उम्मेदवार दिनुपर्ने छ ।

## १०. गाउँ कार्यपालिका कसरी बन्छ ?

गाउँ कार्यपालिकामा एकजना अध्यक्ष, एकजना उपाध्यक्ष, गाउँपालिकाका प्रत्येक वडाका वडाध्यक्षहरू, गाउँसभाले आफूमध्येबाट निर्वाचित गरेका चार जना महिला सदस्य र दलित वा अल्पसङ्ख्यक समुदायबाट गाउँ सभाले निर्वाचित गरेका दुई जना सदस्यहरू मिलेर गाउँ कार्यपालिका बन्छ ।

## ११. नगर सभा कसरी बन्छ ?

नगर कार्यपालिकाको प्रमुख, उपप्रमुख, नगरपालिका भित्रका वडाका वडा अध्यक्षहरू, प्रत्येक वडाबाट निर्वाचित हुने २ महिला सहित ४ जना सदस्यहरु र सम्बन्धित नगरपालिका भित्रका दलित

वा अल्पसङ्ख्यक समुदायबाट नगर सभाले निर्वाचित गरेको तीन जना सदस्यहरु मिलेर नगर सभा बन्छ।

## १२. नगर कार्यपालिका कसरी बन्छ ?

नगर कार्यपालिकामा एक जना प्रमुख, एकजना नगरपालिकाका उपप्रमुख, प्रत्येक वडाका वडाध्यक्षहरू, नगरसभाले आफूमध्येबाट निर्वाचित गरेका पाँच जना महिला सदस्यहरू र दलित वा अल्पसङ्ख्यक समुदायबाट नगरसभाले निर्वाचित गरेका तीन जना सदस्यहरू मिलेर नगर कार्यपालिका बन्छ ।

## १३. गाउँ सभा र नगर सभाको कार्यकाल कति वर्षको हुन्छ ?

गाउँ सभा र नगर सभाको कार्यकाल पाँच वर्षको हुँन्छ । गाउँ सभा र नगर सभाको कार्यकाल समाप्त हुनुभन्दा दुई महिना अगाडि सदस्यको निर्वाचन हुन्छ ।

## १४. जिल्ला सभा कसरी बन्छ ?

सम्बन्धित जिल्लाभित्र रहेका गाउँपालिकाका अध्यक्ष तथा उपाध्यक्ष र नगरपालिकाका प्रमुख तथा उपप्रमुखहरू सदस्य रहेको जिल्ला सभा बन्छ ।

## १५. जिल्ला सभाले के काम गर्छ ?

जिल्ला सभाले जिल्ला भित्रका गाउँपालिका र नगरपालिकाको समन्वय गर्ने कार्य गर्दछ । जिल्ला भित्रका विकास तथा निर्माण सम्बन्धी कार्यको अनुगमन गर्ने र जिल्लामा रहने सङ्घीय र प्रदेश सरकारी कार्यालय र गाउँपालिका र नगरपालिकाबीच समन्वय गर्ने कार्य गर्छ ।

## १६. जिल्ला समन्वय समिति कसरी बन्छ ?

जिल्ला सभाले एकजना प्रमुख, एकजना उपप्रमुख, कम्तीमा तीन जना महिला र एकजना दलित वा अल्पसङ्ख्यक सहित बढीमा नौ जना सदस्य निर्वाचित गरी जिल्ला समन्वय समिति बनाउँछ ।

## १७. जिल्ला समन्वय समितिका प्रमुख, उप प्रमुख र सदस्यमा क-कसले उम्मेदवारी दिन पाउँछन् ?

जिल्लासभाका सदस्यहरूका साथै जिल्ला भित्रका गाउँसभा र नगर सभाका सदस्यहरूले समेत उम्मेदवारी दिन पाउँछन् ।

## १८. जिल्ला समन्वय समितिले के काम गर्छ ?

(क) जिल्लाभित्रका गाउँपालिका र नगरपालिका बीच समन्वय गर्ने,

(ख) विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न सोको अनुगमन गर्ने,

(ग) जिल्लामा रहने संघीय र प्रदेश सरकारी कार्यालय र गाउँपालिका र नगरपालिका बीच समन्वय गर्ने ।

## १९. कस्ता व्यक्तिलाई मतदाता भनिन्छ ?

निर्वाचन प्रयोजनका लागि निर्वाचन आयोगले तयार गरेको अन्तिम मतदाता नामावलीमा नाम भएको व्यक्तिलाई जनाउँछ ।

**२०. स्थानीय तह निर्वाचनको मतदाताको हुन्छ ?**

आयोगले निर्णय गरी सार्वजनिक गरेको अन्तिम मतदाता नामावलीमा नाम समावेश भएको व्यक्ति मतदाता हुन्छन् ।

**२१. स्थानीय तहमा गाउँपालिकाको अध्यक्ष र उपाध्यक्षको निर्वाचनका लागि क-कसले मतदान गर्न पाउँछन् ?**

सम्बन्धित गाउँपालिकाको मतदाता नामावलीमा नाम भएका व्यक्तिले मतदान गर्न पाउँछन् ।

**२२. नगरपालिकाको प्रमुख र उपप्रमुखका लागि कसले मतदान गर्न पाउँछन् ?**

सम्बन्धित नगरपालिकाको मतदाता नामावलीमा नाम भएका व्यक्तिले मतदान गर्न पाउँछन् ।

**२३. गाउँपालिकाको वडा अध्यक्ष तथा वडा सदस्यका निर्वाचनका लागि कसले मतदान गर्न पाउँछन् ?**

गाउँपालिकाको सम्बन्धित वडाको मतदाता नामावलीमा नाम भएको व्यक्तिले मतदान गर्न पाउँछन् ।

**२४. नगरपालिकाको वडा अध्यक्ष तथा वडा सदस्यको लागि कसले मतदान गर्न पाउँछन् ?**

नगरपालिकाको सम्बन्धित वडाको मतदाता नामावलीमा नाम भएको व्यक्तिले मतदान गर्न पाउँछन् ।

**२५. गाउँकार्यपालिका महिला सदस्य दलित वा अल्पसङ्ख्यक समुदायबाट निर्वाचित हुने सदस्य निर्वाचनका लागि कसले मतदान गर्न पाउँछन् ?**

सम्बन्धित गाउँसभाका सदस्यहरूले मतदान गर्न पाउँछन् ।

**२६. नगर कार्यपालिकाका महिला सदस्य र दलित वा अल्पसङ्ख्यक समुदायबाट निर्वाचित हुने सदस्य निर्वाचनका लागि कसले मतदान गर्न पाउँछन् ?**

सम्बन्धित नगर सभाका सदस्यहरूले मतदान गर्न पाउँछन् ।

**२७. जिल्ला समन्वय समितिको प्रमुख, उपप्रमुख र सदस्यहरूको निर्वाचनका लागि कसले मतदान गर्न पाउँछन् ?**

सम्बन्धित गाउँपालिकाको अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाको प्रमुख र उपप्रमुखले मतदान गर्न पाउँछन् ।

**२८. स्थानीय तहको निर्वाचनमा उम्मेदवारी दिँदा के कति रकम धरौटी राख्नु पर्ने व्यवस्था छ ?**

(क) गाउँपालिका तथा नगरपालिकाको वडा सदस्यका लागि पाँचसय रुपियाँ,

(ख) गाउँपालिका तथा नगरपालिकाको वडाअध्यक्षका लागि एकहजार रुपियाँ र

(ग) गाउँपालिको अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाको प्रमुख वा उपप्रमुख पदको लागि एकहजार पाँचसय रुपैयाँ,

(घ) महिला र दलित वा अल्पसङ्ख्यक समुदाय वा आर्थिक रुपले विपन्न उम्मेदवारको हकमा धरौटी रकममा पचास प्रतिशत छुट हुनेछ ।

"आर्थिक रुपले विपन्न व्यक्ति" भन्नाले वार्षिक पारिवारिक आय पचास हजार रुपियाँ भन्दा कम भएको भनी सम्बन्धित स्थानीय तहले सिफारिस गरेको व्यक्ति सम्झनु पर्छ ।

## २९. मतदान भनेको के हो ?

प्रतिनिधि छनोट प्रक्रियामा सहभागी हुनु नै मतदान हो ।

## ३०. मतदान किन गर्नुपर्छ ?

शासन सञ्चालनमा आफूले चाहेको योग्य प्रतिनिधि छनोट गर्न, विकास निर्माणका प्रक्रियालाई गति दिन, स्थानीय सेवालाई प्रभावकारी बनाउन, लोकतन्त्रलाई संस्थागत गर्न ।

## ३१. मतदान कसरी गर्ने ?

तोकिएको मतदान केन्द्रमा गई दिइएको मतपत्रमा आफूले रोजेको उम्मेदवारको निर्वाचन चिह्नमा रहेको कोठामा गोप्य रूपले मत सङ्केत गरी मतपेटिकामा मतपत्र खसालेर मतदान गरिन्छ ।

## ३२. के जुनसुकै मतदान केन्द्रमा मतदान गर्न पाइन्छ ?

पाइँदैन । आफ्नो नाम जुन वडाको मतदाता नामावलीमा छ, त्यही वडाको तोकिएको मतदान केन्द्रमा गएर मात्र मतदान गर्न पाइन्छ ।

## ३३. मतदान स्थल र मतदान केन्द्र भनेको के हो ?

निर्वाचनमा मतदान गर्नका लागि तोकिएको स्थानलाई मतदान स्थल भनिन्छ । सामान्यतया मतदान गर्ने ठाउँको चारैतिर ३०० मिटरसम्मको क्षेत्रलाई मतदान स्थलको क्षेत्र मानिन्छ । विद्यालय, वडा कार्यालय, स्वास्थ्य चौकी जस्ता सार्वजनिक भवन रहेका स्थानलाई मतदान स्थल तोक्ने प्रचलन रहेको छ । सार्वजनिक भवन उपलब्ध हुन नसकेका अवस्थामा खुला चौर एवम् मठमन्दिरका परिसरलाई समेत मतदान स्थलका रूपमा तोक्न सकिन्छ । कुनै मतदान स्थलभित्र निश्चित सङ्ख्याका मतदाताले मतदान गर्नका लागि तोकिएको केन्द्र नै मतदान केन्द्र हो । एउटा मतदान स्थलमा मतदाताको सङ्ख्याअनुसार एक वा सोभन्दा बढी मतदान केन्द्र हुन सक्छन् । सामान्यतया एक हजार जनासम्म मतदाताका लागि एउटा केन्द्र तोकिन्छ । तर स्थानीय तहको कुनै वडामा एक हजारभन्दा कम सङ्ख्यामा मतदाता भए तापनि कम्तीमा एक मतदान स्थल तोकिन्छ ।

## ३४. मतदाताले मतदान केन्द्रमा जाँदा कुनै कागजात लैजान जरूरी छ/छैन ?

निर्वाचन आयोगले मतदातालाई उपलब्ध गराएको मतदाता परिचय पत्र साथमा लैजानु पर्छ ।

## ३५. मतदाताले मतदान केन्द्रमा पुगेपछि के के गर्नुपर्छ ?

लाममा उभिने, नाम रूजु गराउने, बूढी औँलामा मा मसी लगाउन दिने र मतपत्र लिने, - यसरी प्राप्त मतपत्रमा गोप्यरूपमा मतसङ्केत (छाप) लगाई सम्बन्धित मतपेटिकामा खसाली बाहिर जाने ।

## ३६. मतदान केन्द्रमा पुगेपछि अलमलिएमा कसलाई सोध्ने ?

मतदान कार्यमा खटिएका स्वयंसेवकहरू वा सुरक्षाकर्मीहरू वा मतदान कार्यमा खटिएका कर्मचारीहरूलाई सोध्ने ।

## ३७. मतदान केन्द्र र स्थल प्राय किन स्कूल नै हुन्छ ?

आधारभूत पुर्वाधार आवश्यक भएकाले , तर स्कुल नै हुनुपर्छ भन्ने छैन, खुला स्थान. चौर, सरकारी वा सामुदायिक भवन र चौर भए पनि  मतदान केन्द्र र स्थल बनाउन हुन्छ ।

## ३८. मतपत्रमा कसरी छाप लगाउनु पछ ?

मतपत्र लिएको मतदाताले स्वस्तिक चिन्ह भएको मत सङ्केत गर्ने छाप लिएर मत सङ्केत गर्ने गोप्य स्थानमा जानु पर्नेछ । मतदाताले मतसङ्केतका लागि गोप्य कक्ष नजिकै रहेको छापदानीमा मत सङ्केत गर्ने स्वस्तिक चिन्ह भएको छाप चोपी मतपत्रमा जुन पदको लागि जतिजना निर्वाचित गर्नु पर्ने हो आफूले रोजेका त्यति नै जना उम्मेदवारको निर्वाचन चिन्ह भएको स्थानमा गोप्य रुपमा छाप लगाउनु पर्नेछ । त्यसरी मत सङ्केत गरेको छाप छोपिने गरी सो मतपत्र पट्याउनु पर्नेछ र पट्याउँदा मसी नलत्पतिने गरी पट्याउनु पर्नेछ ।

यस स्थानीय तह को  निर्वाचनमा गाउँपालिका र नगरपालिकाको निर्वाचनमा अध्यक्ष वा प्रमुख, उपाध्यक्ष वा उपप्रमुख वडा अध्यक्ष, महिला वडा सदस्य, दलित महिला वडा सदस्य तथा अन्य दुई वडा सदस्यका लागि ६ वटा मतपत्र एउटै पानामा व्यवस्था गरिएको हुन्छ । यस्तो मतपत्रमा ७ वटा ठाडो लाइन रहेको हुन्छ र यसमा उम्मेदवारको निर्वाचन चिह्न राखिएको हुन्छ ।

- पहिलो ठाडो लाइनमा रहेका निर्वाचन चिह्नहरूमध्ये एक निर्वाचन चिह्नमा मात्र स्वस्तिक छापले मत सङ्केत गरी अध्यक्ष वा प्रमुखका लागि मतदान गर्ने ।
- दोस्रो ठाडो लाइनमा रहेका निर्वाचन चिह्नरू मध्ये एक निर्वाचन चिह्नमा मात्र स्वस्तिक छापले मत सङ्केत गरी उपाध्यक्ष वा उपप्रमुखका लागि मतदान गर्ने ।
- तेस्रो ठाडो लाइनमा रहेका निर्वाचन चिह्नहरूमध्ये एक निर्वाचन चिह्नमा मात्र स्वस्तिक छापले मत सङ्केत गरी वडा अध्यक्षको लागि मतदान गर्ने ।
- चौथो ठाडो लाइनमा रहेका निर्वाचन चिह्नहरू मध्ये एक निर्वाचन चिह्नमा मात्र स्वस्तिक छापले मत सङ्केत गरी महिला वडा सदस्यका लागि मतदान गर्ने ।
- पाँचौँ ठाडो लाइनमा रहेका निर्वाचन चिह्नहरू मध्ये एक निर्वाचन चिह्नमा मात्र स्वस्तिक छापले मत सङ्केत गरी दलित महिला वडा सदस्यका लागि मतदान गर्ने ।
- छैठौँ र सातौँ ठाडो लाइनमा रहेका निर्वाचन चिह्नहरू मध्ये कुनै दुई चिह्नमा निर्वाचन मात्र स्वस्तिक छापले मत सङ्केत गरी अन्य दुई वडा सदस्यहरूका लागि मतदान गर्ने ।

स्थानीय तहको निर्वाचनमा मतपत्रमा छाप लगाउँदा ३ देखि ४ वटासम्म निर्वाचन चिन्हमा छाप लगाइ सकेपछि पुन: स्टाम्प प्याडमा स्वस्तिकलाई चोपेर पुन: छाप लगाउँदा सबै ७ वटै निर्वाचन चिन्हमा स्पष्ट सङ्केत हुन्छ ।

## ३९. दृष्टिविहीन वा शारीरिक अशक्त मतदाताले कसरी मतदान गर्न सक्छन् ?

दृष्टिविहीन वा शारीरिक अशक्तता भएका मतदाताले आफैँ मत सङ्केत गर्न नसक्ने भएमा, मतदान अधिकृतको अनुमति लिई एकाघरको परिवारको सदस्यलाई मतदान गर्न लगाउन सक्छन् वा निजले भनेको चिह्नमा मतदान अधिकृतलाई नै मतसङ्केत गरिदिन आग्रह गर्न सक्छन् ।

## ४०. कुनै एक गाउँपालिका वा नगरपालिकाको कुनै एक वडाको मतदाताले कुन कुन प्रतिनिधिका लागि मतदान गर्नुपर्छ ?

कुनै एक गाउँपालिका वा नगरपालिकाको कुनै एक वडाको मतदाताले जम्मा सात जना प्रतिनिधिका लागि मतदान गर्नु पर्नेछ

## ४१. मतदानको अधिकार बिना मतदान गरेमा के कस्तो सजाय हुन्छ ?

कसैले पनि अर्को मतदाताको नामको मतपत्र बुझिलिन वा अर्काको नामबाट मतदान गर्न हुँदैन । यदि कसैले त्यस्तो कार्य गरेमा सो कार्य गर्ने व्यक्तिलाई मतदान अधिकृतले **पच्चिस हजार रुपियाँसम्म** जरिवाना गर्न सक्नेछ ।

## ४२. पटक पटक मतदान गर्नेलाई कस्तो सजाय हुन्छ ?

कसैले पनि एउटै निर्वाचनका लागि एकभन्दा बढी पटक मतदान गर्न हुँदैन । तर कुनै व्यक्तिले यस्तो कार्य गरेमा निजलाई मतदान अधिकृतले **पच्चिस हजार रुपियाँसम्म** जरिवाना गर्न सक्नेछ ।

## ४३. मतदान गर्न बाधा अवरोध गर्नेलाई कस्तो सजाय हुने व्यवस्था छ ?

कसैले पनि मतदातालाई मतदान स्थलमा प्रवेश गर्न नदिन गर्दा वा बाटो छेक्न वा मतदान केन्द्रमा मतदान गर्न कुनै किसिमले बाधा अवरोध गरे वा गराएमा त्यसतो व्यक्तिलाई मतदान अधिकृत वा अनुगमनकर्ताले **पच्चीस हजार रुपियाँसम्म** जरिवाना गर्न सक्नेछ ।

## ४४. मतदान गर्दा ध्यान दिनुपर्ने कुराहरू

- मतदान गर्ने समयभित्र (बिहान ७ बजेदेखि अपराह्न ५ बजे) मतदान केन्द्रमा पुगि सक्ने,
- परिचयपत्र वा आयोगले तोकेको मतदाता अन्य प्रमाण साथमा लैजाने,
- मतदानका सम्बन्धमा कुनै द्विविधा भए मतदान स्थलमा राखिएको मतदाता सूचना केन्द्रमा गई स्वयंसेवक मार्फत मतदाता शिक्षा सम्बन्धी जानकारी लिन सकिने,
- मतदान केन्द्रमा पुगेपछि महिला भए महिला र पुरुष भए पुरुष वा लैङ्गिक अल्पसङ्ख्यक भए सोहि अनुसार छुट्टै लाममा उभिने,
- मतदान केन्द्रमा पुगेपछि अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, गर्भवती महिला, अशक्त तथा विरामी भएका मतदाताहरुका लागि छुट्टै व्यवस्था गरिएको स्थानबाट जाने,

- मतदान अधिकृत वा कर्मचारी भएको स्थानमा पुगे पछि आफ्नो नाम मतदाता नामावलीमा रुजु गराउने, औंलामा मसी लगाई माग्ने,
- मतदान गर्न मतपत्र लिने,
- मतपत्र बुझिलिँदा मतपत्रको पुछारमा मतदान अधिकृतले हस्ताक्षर गरे/नगरेको यकिन गरी हस्ताक्षर गरेको मतपत्र मात्र बुझिलिने,
- हस्ताक्षर भएको मतपत्र लिएपछि स्वस्तिक छाप लिई गोप्य मतदान कक्षमा गई आफूले मन पराएको अध्यक्ष/प्रमुख, उपाध्यक्ष/उपप्रमुख, वडाअध्यक्ष, सदस्यका लागि एक दलित महिला वडा सहित दुई महिला गरी चार उम्मेदवारको चिह्न भएको कोठामा पर्ने गरी छाप लगाउने,
- छाप लगाइसकेपछि मसी नलतपतिने गरी मतपत्र राम्रोसँग पट्याएर मतपेटिकामा मत खसाउने,
- मतदान गरेपछि तोकिएको मार्गबाट बाहिर जाने,
- मतदान केन्द्रमा मतदातालाई कुनै द्विविधा भएमा मतदान अधिकृत, मतदान कर्मचारी, सुरक्षाकर्मी तथा स्वयंसेवकको सहयोग लिने ।

## ४५. मत कसरी बढर हुन्छ?

(क) सम्बन्धित मतदान अधिकृतको दस्तखत नभएको मतपत्रबाट मतदान गरेमा,

(ख) औंठाछाप लगाई वा तोकिएको छाप बाहेक अन्य चिह्न वा छाप लगाई मत सङ्केत गरिएको,

(ग) मत सङ्केत चिह्न नबुझिने गरी लतपतिएको वा च्यातिएको,

(घ) उम्मेदवारको निर्वाचन चिह्न रहेको कोठामा मतसङ्केत नगरी अन्यत्र मत सङ्केत गरिएको,

(ङ) उम्मेदवार नरहेको निर्वाचन चिह्नमा मात्र मत सङ्केत गरिएको,

(च) निर्वाचित गर्नुपर्ने सङ्ख्या भन्दा बढी उम्मेदवारको निर्वाचन चिह्न भएको कोठामा छुट्टा-छुट्टै मत सङ्केत गरिएको,

(छ) एकभन्दा बढी उम्मेदवारको निर्वाचन चिह्न भएको कोठामा मत सङ्केतको चिह्न पर्ने गरी मत सङ्केत गरिएको,

(ज) मत सङ्केत नगरी मतदान अधिकृतलाई फिर्ता दिइएको,

(झ) कुनै पनि उम्मेदवारको निर्वाचन चिह्नमा मत सङ्केत नगरिएको,

(ञ) आयोगद्वारा निर्धारित मतपत्र बाहेक अन्य मतपत्रद्वारा मतदान गरिएको,

(ट) मतपेटिका भन्दा बाहिर राखिएको,

(ठ) जाली मतपत्र,

(ड) पट्याएको मतपत्र भित्र रुपियाँ, कागज वा अन्य कुनै वस्तु संग्लन गरेको,

(ढ) पट्याएको एउटा मतपत्र भित्र अर्को मतपत्र समेत एक साथ पट्याएको,

(ढ) उम्मेदवारको निर्वाचन चिह्न रहेको कोठामा र निर्वाचन चिह्न रहेको कोठाभन्दा बाहिर वा मतपत्रको अन्य भागमा समेत मत सङ्केत गरेको ।

(त) आयोगले बदर हुने भनी तोकेको मतपत्र ।

**४६. मतदानको दिन जेष्ठ नागरिक, सुत्केरी महिला, अपाङ्ग तथा असक्त मतदाता मतदान केन्द्रमा जान सवारी साधनको सुविधा हुन्छ ?**

निर्वाचन आयोगले सुविधा उपलब्ध गराउँदैन तर सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयको स्वीकृतिमा असक्त मतदाताले आफ्नै सवारी साधनमा मतदान केन्द्रसम्म जान मिल्छ ।

**४७. मतदाताको कर्तव्य के हुन्छ ?**

- मतदाता नामावलीमा आफ्नो नाम कति क्रम सङ्ख्यामा छ र मतदान केन्द्र कहाँ छ भन्नेबारे मतदान केन्द्रमा जानु अगाडि जानकारी लिने,
- मतदान गर्ने दिन समयमै मतदान केन्द्रमा पुगी लाइन लागी शान्तिपूर्वक आफ्नो पालो कुर्ने,
- मतपत्रमा कसरी छाप लगाउने भनी जानकारी लिने र आफ्नो मतलाई बदर नहुने गरी छाप लगाई मतपेटिकामा खसाल्ने,
- गर्भवती तथा सुत्केरी महिला, वृद्ध र शारीरिक रूपमा अपाङ्गता भएका व्यक्तिलाई मतदान गर्न जान प्राथमिकता दिने,
- मतदान गर्न जाँदा आयोगले तोकेका प्रमाणहरू लिएर जाने,
- मताधिकारबारे आफूलाई जानकारी भएको विषय अन्य मतदातालाई जानकारी गराउने,

- निर्वाचनमा खटिएका सुरक्षाकर्मीलाई आवश्यक सहयोग पुर्याउने, मतदानमा प्रतिकूल असर पार्न खोज्ने प्रवृत्तिलाई निरूत्साहित गर्ने र आफू पनि कुनै होहल्ला वा हुलदङ्गामा नलाग्ने,
- आचारसंहिता उल्लङ्घन भएको देखिएमा निर्वाचन आयोग, निर्वाचन अधिकृत वा निर्वाचनमा खटिएका कर्मचारीलाई जानकारी गराउने ।

## ४८. निर्वाचनलाई सफल बनाउन नागरिक समाजले कस्तो भूमिका निर्वाह गर्नुपर्छ ?

- मतदातालाई निर्वाचन र मतदान प्रक्रिया बारेमा जागरूक गराउने,
- मतदान कार्यमा खटिएका कर्मचारीहरूलाई मतदानसम्बन्धी व्यवस्थापकीय कार्यमा सहयोग पुर्याउने,
- मतदातालाई स्वतन्त्र र निर्भीक भएर मतदान मर्न पाउने वातावरण सिर्जना गर्न सहयोग पुर्याउने,
- कुनै दल वा उम्मेदवारको पक्ष वा विपक्षमा नलागी तटस्थ रहने,
- मतदानको दिन मतदातालाई लाइनमा बसेर मतदिन, अन्य सुविधा (पिउने पानी र शीतल) पुर्याउनु काममा सहयोग पुर्याउने,
- अपाङ्गता भएका, अशक्त मतदातालाई मतदान केन्द्रसम्म पुग्न सहयोग पुर्याउने,
- आचारसंहिता पालना र अनुगमनमा सहयोग पुर्याउने,

- निर्वाचन पर्यवेक्षण एवम् अनुगमन टोलीलाई स्थानीय परिस्थितिबारे जानकारी गराउने,
- मतदान बिथोल्ने सूचना पाएमा निर्वाचन अधिकृत तथा सुरक्षाकर्मीलाई जानकारी गराउने ।

**४९. स्वच्छ निर्वचनका लागि राजनीतिक दल वा उम्मेदवारले कस्तो भूमिका निवाह गर्नुपर्छ ?**

- निर्वाचनका क्रममा निर्वाचन सम्बन्धी ऐन, नियम, आचार संहिता तथा निर्देशिकाहरूको पालना गर्ने/गराउने ।
- मतदातालाई मतदान प्रक्रिया बारेमा जानकारी गराउने ।
- निर्वाचन कार्यमा कर्मचारीलाई सहयोग गर्ने ।
- स्वस्थ तरिकाबाट निर्वाचन प्रचारप्रसार गर्ने/गराउने ।
- निर्वाचनमा हुने अनियमित वा अन्य कुनै बाधा विरोध हुन नदिने ।
- मतदान कार्य स्वच्छ र स्वतन्त्र रूपमा सम्पन्न गर्न राजनीतिक दलहरूबीच आपसी सहयोग, सद्भाव र समन्वय कायम गर्ने/गराउने ।

**५०. निर्वाचनमा खटिने कर्मचारीको भूमिका कस्तो हुनुपर्छ ?**

- निर्वाचनसम्बन्धी सबै काम कारबाही र व्यवहारमा व्यावसायिकता निष्पक्षता, तटस्थता र स्वच्छता कायम राख्ने ।
- शिष्टता, नम्रता, संयम र धैर्य कायम गर्ने ।

- सबैसँग समान व्यवहार गर्ने र कुनै उम्मेदवार वा राजनीतिक दलसँग एकपक्षीय रूपमा निकटतम सम्बन्ध कायम नगर्ने ।
- मध्यापन जस्ता निषेधित वस्तुहरूको उपभोग नगर्ने/गर्न नदिने ।

## ५१. निर्वाचन स्वच्छ, स्वतन्त्र र निष्पक्ष बनाउन निर्वाचन आयोगले के कस्तो व्यवस्था गरेको छ ?

- निर्वाचन अनुगमन,
- निर्वाचन अनुगमन टोली,
- राष्ट्रिय पर्यवेक्षण,
- मतदाता शिक्षालगायत निर्वाचनसम्बन्धी काम कारबाहीको नियमित सूचना प्रवाह गर्ने,
- निर्वाचन आचारसंहिता, निर्वाचनसम्बन्धी ऐन, नियम, आचारसंहिताको पूर्ण पालना गर्ने/गराउने व्यवस्था ।

## ५२. निवाचन आचारसंहिता भनेको के हो ?

निर्वाचनको समयमा राजनीतिक दल, उम्मेदवार, अन्य व्यक्ति तथा संस्थाले पालना गर्नुपर्ने कानूनी तथा नैतिक बन्धन नै निर्वाचन आचारसंहिता हो ।

## ५३. निर्वाचन आचारसंहिता किन आवश्यक छ ?

स्वच्छ, स्वतन्त्र र विश्वसनीय ढङ्गबाट निर्वाचन सम्पन्न गर्ने ।

## ५४. आचारसंहिता क-कसलाई लागू हुन्छ ?

- नेपाल सरकार र नेपाल सरकारको मन्त्री,
- स्थानीय तह,
- स्थानीय तहका कर्मचारी,
- सार्वजनिक संस्थाका कार्यालय तथा कर्मचारी,
- सरकारी तथा अर्धसरकारी संस्थाको कार्यालय तथा कर्मचारी,
- नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, राष्ट्रिय अनुसन्धान विभाग तथा तत् निकायमा कार्यरत सुरक्षाकर्मी,
- निर्वाचनको काममा संलग्न कर्मचारी,
- राजनीतिक दल तथा राजनीतिक दलको भातृ सङ्गठन,
- उम्मेदवार तथा सम्बन्धित व्यक्ति,
- सार्वजनिक पद धारणा गरेको व्यक्ति,
- पर्यवेक्षक,
- सरकारी तथा निजी क्षेत्रका सञ्चार माध्यम,
- निजी तथा गैरसरकारी संस्था,
- आयोगले तोकेका अन्य निकाय वा व्यक्ति,
- नेपाल सरकारको अनुदानमा सञ्चालित विश्वविद्यालय वा सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारी ।

## ५५. आचारसंहिता पालना नगरेमा के हुन्छ ?

- सम्बन्धित पक्षले आचारसंहिता पालना नगरेमा वा उल्ङ्घन गरेमा त्यस्तो काम रोक्न वा बदर गर्नका लागि आयोगले सम्बन्धित पक्षलाई आदेश दिनसक्छ ।
- आचारसंहिता पटक पटक उल्लङ्घन गरेको कारणबाट निर्वाचन स्वतन्त्र, स्वच्छ, र निष्पक्ष तवरबाट हुन नसक्ने कुरा आयोगलाई लागेमा उम्मेदवारको उम्मेदवारी रद्द हुनसक्छ ।
- निर्वाचन काममा संलग्न कर्मचारीलाई निजको सेवा शर्त सम्बन्धी प्रचलित कानुन बमोजिम अख्तियारवालाको अधिकार प्रयोग गरी आयोगले विभागीय कारवाही र सजाय गर्न सक्नेछ । माथि उल्लेख भएबमोजिम बाहेकका कुनै कर्मचारी वा पदाधिकारीले निर्वाचनको कामको सम्बन्धमा प्रचलित कानुन र आयोगले दिएको निर्देशन वा आदेश विपरीत काम गरेमा आयोगले प्रचलित कानुन बमोजिम विभागीय कारबाहीका लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्ने र सम्बन्धित निकायले विभागीय कारबाही गरी सोको जानकारी आयोगलाई दिनुपर्छ ।

## ५६. निर्वाचन आचारसंहिता कसरी कार्यान्वयन गरिन्छ ?

- निर्वाचन आयोगले तोकेको मितिदेखि निर्वाचन आचारसंहिता लागू हुन्छ । स्थानीय तह, जिल्ला र केन्द्रस्तरमा अनुगमन टोली खटाइन्छ ।
- आचारसंहिताको उल्ङ्घनसम्बन्धी जानकारी वा निवेदन मतदान अधिकृत, निर्वाचन अधिकृतको कार्यालय, जिल्ला

निर्वाचन कार्यालय तथा निर्वाचन आयोगबाट खटिएका अनुगमन टोलीसमक्ष दिनुपर्छ ।

- आचारसंहिता उल्लङ्घनसम्बन्धी जानकारी/ निवेदन प्राप्त भएमा जिल्ला निर्वाचन कार्यालय वा निर्वाचन अधिकृतको कार्यालयले सोको रोकथामका लागि स्थानीय प्रशासन वा प्रहरीलाई लेखी कार्यान्वयन गर्न लगाउनुपर्छ ।
- आचारसंहिता उल्लङ्घन भएको देखिए/बुझिए वा जानकारी प्राप्त भएमा स्थानीय प्रशासन वा प्रहरीले तत्कालै कारबाही गरी रोकथाम गर्नुपर्छ ।
- जिल्ला, निर्वाचन क्षेत्र र स्थानीय तहमा अनुगमन समिति रहन्छन् ।
- आचारसंहिता पालना सम्बन्धमा जाँचबुझ वा अनुगमन गर्दा कसैबाट आचारसंहिताको उल्लङ्घन भएको पाइएमा त्यस्तो काम तुरून्त रोक्न वा बदर गर्नका लागि आयोगले सम्बन्धित राजनीतिक दल, उम्मेदवार, व्यक्ति, संस्था, पदाधिकारी वा निकायलाई आदेश दिन सक्छ ।

**५७. निर्वाचनको घोषणा / आचार संहिता लागू भएपछि नेपाल सरकारका कर्मचारीहरुको सरुवा हुन्छ ?**

निर्वाचनको घोषणा / आचार संहिता लागू भएपछि निर्वाचनको काममा बाहेक कर्मचारीको सरूवा वा पदस्थापन गर्न नहुने, तर आयोगको अनुमति लिई प्रचलित कानून बमोजिम नियमित रूपमा हुने बढुवा तथा पदस्थापना गर्न बाधा पर्ने छैन ।

## ५८. आचारसंहिता उल्ङ्घन भइरहेको छ, कसरी र कहाँ उजुरी गर्ने ?

आचारसंहिता उल्लङ्घन गरेको पाइएमा उजुरी दिन चाहने व्यक्तिले मौखिक, लिखित, सामाजिक सञ्जाल, विद्युतीय माध्यम वा अन्य कुनै तरिकाले आयोग, मुख्य निर्वाचन अधिकृतको कार्यालय, निर्वाचन अधिकृतको कार्यालय, निर्वाचन कार्यालय वा समिति, टोली वा अनुगमन अधिकृतसमक्ष उजुरी दिन सकिन्छ ।

## ५९. आचार संहिता कहिलेबाट लागू हुन्छ ?

आयोगले निर्णय गरेको मितिदेखि ।

## ६०. आचारसंहिता उल्लङ्घन सम्बन्धी उजुरी दिने उजुरीकर्ताबारे गोप्य राखिन्छ कि राखिँदैन ?

उजुरी दिने उजुरीकर्ताले आफ्नो नाम नामेशी सहितको विवरण प्रकाश गर्न नचाहेमा सार्वजनिक गरिन्दैन र गोप्य नै राखिन्छ ।

## ६१. आचार संहिताको उल्ङ्घनको कहाँ उजुरी दिन सकिन्छ ?

कसैले आचारसंहिता उल्लङ्घन गरेको पाइएमा उजुरी दिन चाहने व्यक्तिले मौखिक, लिखित, सामाजिक सञ्जाल, विद्युतीय माध्यम वा अन्य कुनै तरिकाले आयोग, मुख्य निर्वाचन अधिकृतको कार्यालय, निर्वाचन अधिकृतको कार्यालय, निर्वाचन कार्यालय वा समिति, टोली वा अनुगमन अधिकृतसमक्ष उजुरी दिन सक्नेछ ।

**६२. आचारसंहिता अनुगमनकर्ताले अनुगमन प्रतिवेदन कति दिन भित्र  पेश गर्नु पर्दछ ?**

आचारसंहिता अनुगमनकर्ताले निर्वाचन अधिकृत वा सम्बन्धित समितिमा निर्वाचनको अन्तिम परिणाम प्रकाशन भएको मितिले सात दिनभित्र निर्वाचन अधिकृत वा सम्बन्धित समितिमा पेश गर्नु पर्नेछ ।

**६३. आयोगले आचार संहिता उल्ङ्घन कर्ता को नाम सार्वजनिक गर्छ ?**

आयोगले अनुगमन गर्दा वा गराउँदा कसैले आचारसंहिता उल्लङ्घन गरेको पाइएमा उल्लङ्घनकर्ताको नाम नामेशी सहितको विवरण सार्वजनिकीकरण गर्नेछ ।

**६४. आचार संहिता क-कसलाई लागू हुन्छ ?**

- नेपाल सरकार र नेपाल सरकारका मन्त्री,
- प्रदेश सरकार र प्रदेश सरकारका मन्त्री,
- संवैधानिक निकाय वा सो निकायका पदाधिकारी
- प्रदेश सरकारका निकाय वा सो निकायका पदाधिकारी
- स्थानीय कार्य पालिका निकाय संवैधानिक पदाधिकारी
- सुरक्षा निकाय, सुरक्षाकर्मी तथा सुरक्षा सम्बद्ध कर्मचारी
- सरकारी, अर्धसरकारी तथा सार्वजनिक संस्थाको कार्यालय तथा कर्मचारी,
- राजनीतिक दल तथा राजनीतिक दलको भातृ सङ्गठन,

- उम्मेदवार तथा उम्मेदवारको प्रतिनिधि,
- राजनीतिक दल तथा उम्मेदवारको मतदान एवम् मतगणना प्रतिनिधि,
- सार्वजनिक पद धारणा गरेको व्यक्ति,
- अनुगमन समितिका पदाधिकारी तथा अनुगमनकर्ता,
- पर्यवेक्षण संस्था तथा पर्यवेक्षक,
- सञ्चार प्रतिष्ठान, सो को कर्मचारी तथा सन्चारकर्मी,
- निजी तथा  गैर सरकारी संस्था, सो का पदाधकिारी तथा कर्मचारी,
- समुदायक विद्यालय वा नेपाल सरकार वा प्रदेश सरकारको अनुदानमा सञ्चालित वश्वि वद्यिालय, सो का सदस्य तथा कर्मचारी,
- मतदाता,
- विकास साझेदार संस्था,
- सरकारी तथा अर्ध सरकारी निकायबाट सञ्चालित परियोजना तथा परियोजनाका कर्मचारी,
- मतदाता शिक्षा कार्यक्रम संचालन गर्ने संस्था वा सो संस्था का कर्मचारी,
- नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहका कर्मचारी,
- नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल तथा राष्ट्रिय अनुसन्धान विभाग र प्रदेश प्रहरीका कार्यालय तथा सुरक्षाकर्मी,

- निर्वाचनको काममा संलग्न कर्मचारी,
- नेपाल सरकारको अनुदानमा सञ्चालित विश्वविद्यालय वा सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारी,
- आयोगले तोकेका अन्य निकाय वा व्यक्ति ।

**६५. मनोनयन पत्र कहाँ दर्ता गर्ने ?**

निर्वाचन आयोगले स्थानीय तहमा स्थापना गरेको निर्वाचन अधिकृतको कार्यालयमा दर्ता गर्ने ।

**६६. मनोनयन पत्र कहाँबाट लिने ?**

निर्वाचन आयोगले स्थानीय तहमा स्थापना गरेको निर्वाचन अधिकृतको कार्यालयबाट लिने ।

**६७. उम्मेदवारी दर्ता कहिले, कहाँ गर्ने ?**

स्थानीय तह निर्वाचन २०७९ को लागि उम्मेदवारी दर्ता बैशाख ११ र १२ गते निर्वाचन अधिकृतको कार्यालयमा उम्मेदवारी दर्ता गर्ने ।

**६८. उम्मेदवारको मनोनयन पत्र कसले दर्ता गर्न सक्ने छ ?**

उम्मेदवारको मनोनयन पत्र उम्मेदवार आफैले वा निजको प्रतिनिधि वा प्रस्तावक वा समर्थकले सम्बन्धित निर्वाचन अधिकृत समक्ष पेश गर्नुपर्नेछ ।

## ६९. उम्मेदवारी दर्ता गर्न के के आवश्यक कागजातहरु चाहिन्छ ?

| पद | आवश्यक कागजात |
|---|---|
| **वडा अध्यक्ष र वडा सदस्य** | (क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,<br>(ख) सम्बन्धित वडाको मतदाता नामावलीमा नाम समावेश भएको निस्सा<br>स्वघोषणा |
| **दलित महिला वडा सदस्य** | (क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,<br>(ख) सम्बन्धित वडाको मतदाता नामावलीमा नाम समावेश भएको निस्सा,<br>(ग) सम्बन्धित गाउँपालिका, नगरपालिका वा अधिकार प्राप्त निकायले दिएको दलित समुदायको व्यक्ति भएको प्रमाणित हुने निस्सा, स्वघोषणा |
| **अध्यक्ष, उपाध्यक्ष, प्रमुख र उपप्रमुख** | (क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,<br>(ख) सम्बन्धित गाउँपालिका वा नगरपालिकाको कुनै वडाको मतदाता नामावलीमा नाम समावेश भएको निस्सा,<br>स्वघोषणा |

## ७०. प्रस्तावक र  समर्थक एकै व्यक्ति  हुन मिल्छ कि मिल्दैन

प्रस्तावक र  समर्थक एकै व्यक्ति  हुन मिल्दैन ।

## ७१. निर्वाचनमा प्रस्तावक र समर्थक भनेको के हो ?

निर्वाचनमा प्रस्तावक तथा समर्थक भन्नाले निर्वाचन गर्नुपर्ने कुनै पदका लागि कुनै व्यक्तिलाई उम्मेदवारका रूपमा मनोनयनका लागि प्रस्ताव गर्ने तथा समर्थन गर्ने व्यक्तिलाई बुझाउँछ । एक जना व्यक्तिले एक पदका लागि एक जना उम्मेदवारको मात्र प्रस्तावक वा समर्थक बन्न सक्ने कानुनी व्यवस्था छ । प्रस्तावक तथा समर्थक हुनका लागि आवश्यक पर्ने योग्यता सम्बन्धित निर्वाचन कानुनमा तोकिएको हुन्छ । सामान्यतः गाउँपालिका, नगरपालिका, प्रदेश सभा सदस्य तथा प्रतिनिधि सभा सदस्य निर्वाचनमा प्रस्तावक हुनका लागि सम्बन्धित निर्वाचन क्षेत्र अन्तर्गतको गाउँपालिका वा नगरपालिकाको वडाको अन्तिम मतदाता नामावलीमा नाम समावेश भएको व्यक्ति, जिल्ला समन्वय समितिको निर्वाचनमा जिल्ला सभा सदस्य, राष्ट्रिय सभा सदस्य निर्वाचनमा उक्त निर्वाचनका लागि तयार भएको अन्तिम मतदाता नामावलीमा नाम समावेश भएको व्यक्ति तथा  राष्ट्रपति र उपराष्ट्रपति निर्वाचनमा उक्त निर्वाचनका लागि अन्तिम मतदाता नामावलीमा नाम समावेश भएको व्यक्ति प्रस्तावक हुन सक्ने व्यवस्था छ ।

## ७२. एक जनाले  सबै उम्मेदवारको प्रस्ताबक बस्न मिल्छ कि मिल्दैन ?

एक जनाले  सबै उम्मेदवारको प्रस्तावक बस्न मिल्दैन ।

**७३. कुनै पनि व्यक्ति दुई वटा पार्टीको उम्मेदवार को प्रस्तावक र समर्थक हुन पाइन्छ कि पाइँदैन ?**

पाइँदैन ।

**७४. स्थानीय तह निर्वाचनमा एक जना व्यक्ति कति वटा पद को लागि उम्मेदवार हुन पाउँछ?**

यस स्थानीय तह निर्वाचनमा कुनै पनि व्यक्ति मतदाता नामावलीमा आफ्नो नाम दर्ता भएको स्थानबाट एउटा पदमा मात्र उम्मेदवार हुन पाउँछ ।

**७५. दलित तथा अल्पसङ्ख्यक भनेर कसले प्रस्ट परिदिन्छ?**

सम्बन्धित गाउँपालिका, नगरपालिका वा अधिकार प्राप्त निकायले दिएको दलित वा अल्पसङ्ख्यक समुदायको व्यक्ति भएको प्रमाणित हुने निस्साले प्रस्ट पारिदिन्छ ।

**७६. स्थानीय तहको निर्वाचनमा उम्मेदवार बन्न धरौटी कति राख्नु पर्चा ?**

स्थानीय तह को निर्वाचन मा उम्मेदवार हुनको लागि विभिन्न पदको लागि भिन्ना भिन्नै धरौटी रकम छ

- वडा सदस्य – रु ५००
- वडा अध्यक्ष - रु १०००
- अध्यक्ष, उपाध्यक्ष, प्रमुख, उप प्रमुख - रु १५००

तर महिला, दलित, अल्पसङ्ख्यक समुदाय वा आर्थिक रुपमा बिपन्न उम्मेदवारको हकमा ५० प्रतिशत छुट हुनेछ । त्यस्तै

आर्थिकरूपले विपन्न भन्नाले वार्षिक पारिवारिक आय रु ५० हजार भन्दा कम भएको भने सम्बन्धित स्थानीय तहले सिफारिस गरेको व्यक्ति पर्दछ ।

## ७७.अन्तिम मतदाता नामावली भनेको के हो ?

दाबी विरोधको प्रयोजनका लागि निर्वाचन आयोगले प्रकाशन गरेको मतदाता नामावलीमा सो प्रक्रिया सम्पन्न भइसकेपछि मतदाता नामावलीमा हेरफेर वा थपघट गर्नुपर्ने भएमा गर्ने तथा आयोगमा रहेको केन्द्रीय डाटाबेसमा मतदाताको नाम दोहोरो परे नपरेको यकिनसमेत गरी सम्बन्धित निर्वाचनका लागि योग्य मतदाताहरूका रूपमा कायम हुने भनी आयोगबाट स्वीकृत भएको मतदाता नामावली नै अन्तिम मतदाता नामावली हो । आयोगले सम्बन्धित निर्वाचनका लागि यस्तो अन्तिम मतदाता नामावली प्रकाशन गर्ने गरेको छ । यसरी सम्बन्धित निर्वाचनका लागि मतदाता बालिग हुने निर्दिस्ट मितीका आधारमा निर्वाचन आयोगले उक्त निर्वाचन प्रयोजनका लागि अन्तिम मतदाता नामावली तयार गर्नुपर्ने कानुनी व्यवस्था छ ।

## ७८. लाभको पद भन्नाले के बुझिन्छ ?

नेपालको संविधानबमोजिम लाभको पद भन्नाले निर्वाचन वा मनोनयनद्वारा पूर्ति गरिने राजनीतिक पदबाहेक सरकारी कोषबाट पारिश्रमिक वा आर्थिक सुविधा पाउने अन्य पदलाई बुझाउँछ । सामान्यतया नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहमा तथा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको स्वामित्व वा नियन्त्रणमा रहेको वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट अनुदान प्राप्त संस्थामा पारिश्रमिक पाउने गरी बहाल

रहेको व्यक्तिलाई लाभको पदमा रहेको मानिएको छ । यसरी लाभको पदमा बहाल रहेको कुनै व्यक्ति प्रचलित कानुनबमोजिम कुनै पनि निर्वाचनमा उम्मेदवार हुन योग्य हुँदैन ।

## ७९. वेबसाइटमा नामावलीमा कसरी हेर्ने ?

निर्वाचन आयोगको वेबसाईट www.election.gov.np मा मतदाता नामावली भन्ने आइकन क्लिक गरी सबै जानकारी दिई हेर्न सकिन्छ ।

## ८०. कस्तो उम्मेदवार अयोग्य हुन्छन् ?

- उम्मेदवारीका लागि योग्यता नभएको,
- गैर नेपाली नागरिक,
- नेपाल सरकार, प्रदेश सरकार तथा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको वा नेपाल सरकारबाट अनुदान प्राप्त संस्थामा पारिश्रमिक पाउने गरी बहाल रहेको,
- कुनै स्थानीय तह वा स्थानीय तहको स्वामित्व वा नियन्त्रणमा रहेको वा स्थानीय तहबाट अनुदान प्राप्त संस्थामा पारिश्रमिक पाउने गरी बहाल रहेको,
- निर्वाचन सम्बन्धी प्रचलित कानून बमोजिम सजाय पाई त्यस्तो सजाय भोगिसकेको मितिले दुई वर्ष भुक्तान नगरेको,
- भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागूऔषध बिक्री वितरण तथा निकासी वा पैठारी, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, अपहरण

सम्बन्धी कसूर वा नैतिक पतन देखिने अन्य फौजदारी वा कुनै कसूरमा जन्मकैद वा बीस वर्ष वा सोभन्दा बढी कैदको सजाय पाई त्यस्तो फैसला अन्तिम भएको,

- सङ्गठित अपराधसम्बन्धी कसूरमा कैदको सजाय पाई वा कर्तब्य ज्यान सम्बन्धी कसूरमा बीस वर्षभन्दा कम कैदको सजाय पाई त्यस्तो सजाय भुक्तान गरेको मितिले छ वर्ष पूरा नभएको,
- जातीय भेदभाव तथा छुवाछूत, बोक्सी वा बहुविवाहसम्बन्धी कसूरमा कैदको सजाय पाई त्यस्तो सजाय भुक्तान गरेको मितिले तीन वर्ष पूरा नभएको,
- अन्य कसूरमा पाँच वर्ष वा सोभन्दा बढी कैदको सजाय पाई त्यस्तो सजाय भुक्तान गरेको मितिले छ वर्ष पूरा नभएको,
- प्रचलित कानून बमोजिम कालोसूचीमा रहेकोमा सो अवधिभर,
- कैदमा बसेको अवधिभर,
- मानसिक सन्तुलन ठीक नभएको,
- प्रचलित कानूनले अयोग्य भएको ।

## ८१. उम्मेदवारीका लागि योग्यता के चाहिन्छ ?

नेपालको संविधान बमोजिम गाउँ कार्यपालिकाको अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष र सदस्य, नगर कार्यपालिकाको प्रमुख, उपप्रमुख, वडा अध्यक्ष र सदस्य तथा गाउँ सभा र नगर सभाको सदस्य पदका लागि देहाय बमोजिमको योग्यता आवश्यक पर्दछ

(क) नेपालको नागरिक,

(ख) एक्काईस वर्ष उमेर पूरा भएको,

(ग) अध्यक्ष, उपाध्यक्ष, प्रमुख वा उपप्रमुख पदको लागि सम्बन्धित गाउँपालिका वा नगरपालिकाको कुनै वडाको तथा वडा अध्यक्ष र वडा सदस्य पदका लागि सम्बन्धित वडाको अन्तिम मतदाता नामावलीमा नाम समावेश भएको,

(घ) कुनै कानूनले अयोग्य नभएको ।

(१) गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको महिला सदस्य पदको लागि सम्बन्धित गाउँसभा वा नगरसभाको सदस्य भएको महिला उम्मेदवार हुन सक्नेछन्।

(२) गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको दलित वा अल्पसङ्ख्यक सदस्य पदको लागि उम्मेदवार हुन देहायको योग्यता पूरा गरेको हुनु पर्नेछ :–

(क) नेपालको नागरिक,

(ख) एक्काईस वर्ष उमेर पूरा भएको,

(ग) सम्बन्धित गाउँपालिका वा नगरपालिकाको कुनै वडाको अन्तिम मतदाता नामावलीमा नाम समावेश भएको दलित वा अल्पसङ्ख्यक समुदायको व्यक्ति,

(घ) कुनै कानूनले अयोग्य नभएको ।

(३) जिल्ला समन्वय समितिको प्रमुख, उपप्रमुख वा सदस्य पदको लागि सम्बन्धित जिल्ला भित्रका गाउँसभा वा नगरसभाको सदस्य उम्मेदवार हुन सक्नेछ ।

**८२. २०७०, २०७४ मा पनि मतदान गरेको तर अहिले मतदाता नामावलीमा नाम फेला पार्न सकिन, के गर्ने ?**

सम्बन्धित निर्वाचन कार्यालयमा सम्पर्क गरी अन्तिम मतदाता नामावलीमा नाम भए नभएको यकिन गर्ने
www.election.gov.np बाट पनि check गर्न सकिने ।

**८३. जिल्लाको सर्भरमा नाम  देखिएको तर केन्द्रबाट नामावली छापेर नगएको किन ?**

नाम र विवरण सोधेर खोजिदिने, नभेटिए नाम नभएको जानकारी दिने ।

**८४. मिडियाको  पासको व्यवस्था कसरी हुन्छ ?**

आयोगले निर्णय गर्न बाकी/कार्यविधि बनाएर आयोग वा सम्बन्धित निर्वाचन कार्यालयबाट वा जिल्ला प्रशासनबाट पाइन्छ ।

**८५. पर्यवेक्षक भनेको के हो ?**

निर्वाचन तथा मतदान स प्रक्रिया कानून सम्मत ढङ् बाट सञ्चालन भएको छ छैन भन्ने विषयमा स्थलगत अध्ययन र अवलोकन गर्ने देखि प्रतिवेदन पेश गर्ने सम्मका समग्र क्रियाकलाप लाई निर्वाचन पर्यवेक्षण भनिन्छ ।

निर्वाचनमा स्वदेशी तथा विदेशी पर्यवेक्षण संस्थाहरु परिचालन हुन्छन् । यस स्थानीय तह निर्वाचन, २०७९ मा आयोगले स्थानीय परिवेक्षण संस्थालाई मात्र परिचालन गर्ने भएको छ ।

## ८६. पर्यवेक्षकको लागि निबेदन कहाँ दिने ?

Observer.election.gov.np मा ।

## ८७. पर्यवेक्षकको पासको व्यवस्था कसरी हुन्छ ?

अनुमति पाएपछि परिवेक्षण संस्थाले खटाउने व्यक्तिको विवरण आयोगमा पेश गरी, आयोग द्वारा जाँच गरेर पास दिइन्छ ।

## ८८. पर्यवेक्षकले पालना गर्नु पर्ने आचरण के के हो ?

- पर्यवेक्षक परिचयपत्र सबैले देख्ने गरी लगाउनु पर्ने,
- विभिन्न जातजाति, सम्प्रदाय, लिङ्ग, धर्म, भाषा, क्षेत्र र सँस्कृतिको सम्मान गरी स्वतन्त्र, निष्पक्ष, तटस्थ, विश्वसनीय ढङ्गले पर्यवेक्षण गर्नुपर्ने,
- मतदान अधिकृतको अनुमति लिएर निश्चित दूरीबाट मात्र मतदान कार्यको पर्यवेक्षण गर्ने,
- राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा सार्वजनिक रूपमा वा आमसञ्चार माध्यममा कुनै किसिमको टिकाटिप्पणी गर्न नहुने,
- आयोगले अनुमति दिएको क्षेत्रमा मात्र पर्यवेक्षण गर्नुपर्ने,

- राजनीतिक दल, उम्मेदवार, कर्मचारी वा अन्य व्यक्तिसँग नगद वा जिन्सी वा उपहार वा अन्य कुनै सामान लेनदेन गर्न नहुने,
- राजनीतिक दल वा उम्मेदवारको समर्थन वा विरोध हुने गरी निर्वाचन चिन्ह अङ्कित व्याच लगाउन वा अन्य कुनै माध्यमद्वारा प्रचारप्रसार वा प्रदर्शन गर्न नहुने,
- निर्वाचनलाई प्रभावित पार्ने कुनै सूचना प्रवाह गर्न वा वक्तव्य दिन वा अवाञ्छित क्रियाकलाप गर्न नहुने,
- सुरक्षा संवेदनशील स्थानमा पर्यवेक्षण गर्न नहुने,
- मतदाताले मत सङ्केत गरेको गोप्य कक्षमा तस्बिर खिच्न नहुने,
  - तर निर्वाचन अधिकृत वा मतदान अधिकृतको अनुमति लिई मतदानस्थलको घेरा बाहिरबाट तस्बिर खिच्न बाधा पर्ने छैन ।
- निर्वाचन अधिकृत वा आयोगले निर्वाचनको अन्तिम परिणाम घोषणा गर्नु अघि उम्मेदवार विजयी भएको सूचना सम्प्रेषण गर्न वा गराउन नहुने,
- निर्वाचन कानून तथा निर्वाचन सामग्रीका सम्बन्धमा निर्वाचनलाई असर पर्ने गरी नकारात्मक टिकाटिप्पणी गर्न नहुने,
- मतदान केन्द्रमा खटिएका मतदान अधिकृत तथा अन्य कर्मचारीलाई निजहरूको कार्यसम्पादनमा बाधा पुऱ्याउन नहुने,

- निर्वाचन सम्पन्न भएको पन्ध्र दिनभित्र प्रारम्भिक प्रतिवेदन र तीस दिनभित्र अन्तिम प्रतिवेदन आयोगमा बुझाउनु पर्ने ।

**८९. आयोगले कस्तो व्यक्तिहरुलाई निर्वाचनमा अवलोकन कर्ताको रूपमा राख्दछ ?**

आयोगले मतदान कार्यको पर्यवेक्षणको लागि  राष्ट्रिय तथा अन्तर्राष्ट्रिय ख्याती प्राप्त व्यक्ति तथा निर्वाचन विशेषज्ञहरुलाई पर्यवेक्षणकोलागि अवलोकन कर्ताको रुपमा आमन्त्रण गर्न सक्दछ ।

**९०. पर्यवेक्षण संस्थाले पर्यवेक्षण कार्य समाप्त भएको कति दिन भित्र संस्थाको आय र व्यय सार्वजनिक गर्नु पर्छ ?**

पर्यवेक्षण संस्थाले पर्यवेक्षण कार्य समाप्त भएको तीस दिनभित्र आफ्नो संस्थाको आय र व्यय सार्वजनिक गर्नु पर्ने र  सोको लिखित जानकारी आयोगलाई गराउनु पर्ने ।

**९१. पर्यवेक्षण संस्थाले मतदान सम्पन्न भएको कति समयमा प्रतिवेदन आयोगलाई बुझाउनु पर्छ ?**

पर्यवेक्षण संस्थाले मतदान समाप्त भएको पन्ध्र दिनभित्र प्रारम्भिक प्रतिवेदन र तीस दिनभित्र अन्तिम पर्यवेक्षण प्रतिवेदन आयोगमा बुझाउनु पर्नेछ।

**९२. निर्वाचन प्रचार प्रसारमा बालबालिकाको प्रयोग गर्न पाउँछ ?**

निर्वाचन प्रचार प्रसार, आमसभा तथा जुलुसमा अठार वर्ष उमेर पूरा नभएका बालबालिकाको प्रयोग गर्न वा गराउन हुदैन ।

**९३. के अरुको घर, जग्गा, सार्वजनिक भवन, सार्वजनिक स्थानमा दलको झण्डा, दल वा उम्मेदवारको निर्वाचन चिन्ह राख्न वा टाँस्न पाउँछ ?**

कुनै पनि दल तथा उम्मेदवारले घर वा जग्गा धनीको अनुमति नलिई कसैको निजी घर वा जग्गामा वा सार्वजनिक भवन, सार्वजनिक उद्यान, सार्वजनिक सडकका पोल वा कुनै पनि सार्वजनिक स्थानमा दलको झण्डा, दल वा उम्मेदवारको निर्वाचन चिन्ह राख्न वा टाँस्न हुँदैन ।

**९४. स्थानीय तह निर्वाचनमा कुन पदका उम्मेदवारले कति सम्म निर्वाचन प्रचार प्रसारमा खर्च गर्न पाउँछन् ?**

| | |
|---|---|
| महानगरपालिका | प्रमुख/ उपप्रमुख - ७ लाख ५० हजार |
| | वडाध्यक्ष/ सदस्य – ३ लाख ५० हजार |
| उप महानगरपालिका | प्रमुख/ उपप्रमुख - ५ लाख ५० हजार<br>वडाध्यक्ष/ सदस्य – ३ लाख ५० हजार |
| नगरपालिका | प्रमुख/ उपप्रमुख - ४ लाख ५० हजार<br>वडाध्यक्ष/ सदस्य- २ लाख मात्र |

| | |
|---|---|
| गाँउ पालिका | अध्यक्ष/ उपाध्यक्ष- ३ लाख ५० हजार<br>वडाध्यक्ष/ सदस्य – १ लाख ५० हजार |
| जिल्ला समन्वय समिति | प्रमुख / उपप्रमुख- ५० हजार सम्म<br>सदस्य उम्मेदवार- २५ हजारसम्म |

**९५. कुनै पनि राजनीतिक दल, उम्मेदवार, दलको भ्रातृ सङ्ठनले निर्वाचनको समय गर्ने प्रचार प्रसार जस्तै आमसभा, कोणसभा, प्रशासन, भेला, बैठक आदि गतिविधि गर्नु अघि स्वीकृति लिन आवश्यक छ ?**

स्थानीय प्रशासनको अनुमति नलिई सार्वजनिक स्थलमा कुनै किसिमको जुलुस, आमसभा, कोणसभा, बैठक, भेला गर्नु हुदैन । दल तथा उम्मेदवारले स्थानीय प्रशासन र प्रहरी लाई मिति,समय, मार्ग र स्थानको बारेमा कम्तीमा ७२ घण्टा आगाडि जानकारी गराउनु पर्छ ।

**९६. निर्वाचन प्रचार प्रसार, जुलुस, कोणसभा, भेला आदि कार्यक्रम कति बजेदेखि कति बजेसम्म गर्न सकिन्छ ?**

निर्वाचन प्रचार प्रसार, जुलुस, कोणसभा, भेला आदि कार्यक्रम बिहान ८ बजे देखि साँझ ७ बजेसम्म गर्नु पर्दछ ।

**९७. निर्वाचन प्रचार प्रसारको लागि उम्मेदवार तथा दलले आफ्नो निर्वाचन चिन्ह अंकित ज्याकेट, टोपी , स्टिकर झोला प्रयोग गर्न पाउँछ ?**

निर्वाचन प्रचार प्रसारको लागि राजनीतिक दल वा उम्मेदवारको निर्वाचन चिन्ह अङ्कित ज्याकेट, कमिज, भेष्ट, टि-सर्ट, टोपी वा क्याप, गम्छा, मास्क, लकेट वा अन्य कुनै किसिमको पहिरन वा स्टीकर, लोगो, झोला, ब्याच, ट्याटु जस्ता साङ्केतिक सामग्री उत्पादन गर्न, प्रयोग गर्न, बिक्री वितरण गर्न वा प्रदर्शन गर्न वा गराउन पाउदैन ।

**९८. राजनीतिक दल तथा उम्मेदवारले प्रचार प्रसारको लागि हेलिकप्टर सेवा प्रयोग गर्न पाइन्छ?**

राजनीतिक दलले प्रचार प्रसारको लागि आफ्नो तर्फबाट दुई जना मुख्य प्रचारकको नाम आयोगमा बुझाउनु पर्ने र आयोगले अनुमति दिएका मुख्य प्रचारकले मात्र हेलिकप्टर सेवा प्रयोग गर्न सक्ने ।

**९९. सञ्चार मध्यमले कुनै एक उम्मेदवार वा दललाई लक्षित गरी मतदान गर भनेर प्रचार प्रसार गर्नु हुन्छ कि हुँदैन ?**

हुँदैन ।

**१००. मतदान केन्द्र फरक भएर नामावली आएको किन ?**

हाललाई मतदाता नामावली अन्तिम भइसकेको छ, अब परिवर्तन हुन सक्दैन, आगामी दिनमा बाँकी बिवरण सच्च्याउन आयोगले समय दिएको बेला सच्च्याउनु होला ।

**१०१. मतदाता नामावली कहाँ उपलब्ध हुन्छ ?**

सम्बन्धित प्रदेश जिल्ला निर्वाचन कार्यालय वा निर्वाचन आयोग ।

**१०२. मतदाता नामावलीमा अहिले नाम दर्ता हुन्छ ?**

मतदाता नामावलीमा अहिले नाम दर्ता हुँदैन, अब बैशाख ३० गतेको निर्वाचन पछि मात्र दर्ता हुन्छ, आयोगले सूचना दिन्छ ।

**१०३. पुरानो मतदाता नामावली कार्ड हरायो, नयाँ कसरी पाउन सक्छ, के अब मतदान गर्न पाउँदैन ?**

आयोगले मतदाता परिचय पत्रको प्रतिलिपि लिन निवेदन दिएको भए परिचय पत्रको प्रतिलिपि पाउन सकिन्छ । मतदान गर्न मतदाता परिचय पत्र नै आवश्यक पर्दछ । आयोगले अन्यथा निर्णय गरेमा सोही बमोजिम अन्य कागजातले मतदान गर्न पाउनु हुनेछ ।

**१०४. मतदाता नामवालीको फोटो अहिले  फेर्न सकिन्छ ?**

अहिले फेर्न मिल्दैन ।

**१०५. छुटेको मतदाता नामावली अब कहिले दर्ता गर्न सकिन्छ ?**

हालको लागि स्थानीय तहको निर्वाचन वैशाख ३० मा सम्पन्न भए पछि आयोगले यसबारे निर्णय गरी अर्को निर्वाचनका लागि मतदाता नामावलीमा नाम दर्ता गर्ने कार्य सञ्चालन गर्ने छ ।

**१०६. हालको मतदाता नामावलीमा नाम छैन तर पुरानो मतदाता कार्ड भए मतदान गर्न पाउँछ ?**

त्यस्तो अवस्थामा मतदान गर्न पाउँदैन ।

**१०७. मतदाता नामावलीमा नाम दर्ता कार्यक्रम निर्वाचन आयोगले अब कहिलेबाट सुरु गर्छ ?**

निर्वाचन आयोगले मतदाता नामावलीमा नाम दर्ता गर्ने कार्य निरन्त ररुपमा गर्दछ । तर सरकारले तीन तहको निर्वाचन मध्ये कुनै निर्वाचनको मिति घोषणा गर्ने बित्तिकै मतदाता नामावलीमा नाम दर्ता गर्ने कार्य स्थगन गर्दछ । सो निर्वाचन सके पछि अर्को निर्वाचनका लागि पुन मतदाता नामावलीमा दर्ता कार्य सुचारु गर्दछ ।

**१०८. अपाङ्गहरुलाई उम्मेदवार हुन के व्यवस्था छ ?**

अन्य सरह हो ।

**१०९. दृष्टिवीहीन मतदाताहरुलाई मतदान गर्न के व्यवस्था गरिएको छ ?**

लाम बस्नु नपर्ने, सहयोगीलाई मतदान कक्षमा लान पाइने व्यवस्था छ ।

## ११०. मतदानको दिन महिला स्वयंसेवकले कुन औँलामा मसी लगाउनु पर्दछ ?

मतदाता नामावलीमा नाम रुजु भएपछि, मतदान अधिकृतले खटाएको महिला स्वयंसेवकले मतदाताको बायाँ हातको बुढी औलामा नङ र मासुको जोर्नीमा नमेटिने मसी लगाउनु पर्दछ । यदि सो औँला नभए दायाँ हातको बुढी औँलामा चिहन लगाउनु पर्दछ ।

यदि सो पनि नभए बायाँ हातको चोर , माझी, साइली र कान्छी औँला मध्ये कुनै एक औँलामा चिन्ह लगाउनु पर्दछन् । यदि बायाँ हातको कुनै औँला नभए दायाँ हातको कुनै औँलामा लगाउनु पर्दछ । कुनै मतदाताको दुवै हात रहेनछ भने मतदान अधिकृतले सो व्योहोरा मतदाता नामावलीमा जनाई निजलाई मतदान गर्न दिनु पर्दछ ।

## १११. पेस्की लिएको व्यक्ति उम्मेदवार बन्न सकिन्छ ?

उम्मेदवारले आफू निर्वाचित, मनोनीत वा नियुक्त भएको निकायबाट लिएको कुनै पनि प्रकारको पेश्की फर्स्यौट गरेको हुनु पर्नेछ।

## ११२. उम्मेदवार बन्न बेरुजु फर्स्यौट गर्नु पर्छ ?

लेखापरीक्षणबाट कुनै पनि उम्मेदवारको नाममा किटानीसाथ असूल उपर गर्ने भनी कायम भएको बेरुजु फर्स्यौट गरेको हुनु पर्नेछ ।

**११३. निर्वाचन आयोगको मोवाइल एप्सको बारेमा जानकारी गराई दिनु हुन्छ ?**

डाउनलोड गरी विस्तृत रुपमा जानकारी लिन सकिन्छ ।

**११४. ठाउँ सारी कसरी गर्ने, अहिले गर्न सकिन्छ ?**

अहिले सकिँदैन, पछि आयोगले त्यसका लागि समय तोकी सूचना निकाल्छ, उक्त अवधिमा सम्बन्धित निर्वचन संबन्धित निर्वाचन कार्यालयमा प्रमाण सहित निवेदन दिनुपर्दछ ।

**११५. मौन अवधि भनेको के हो ?**

मौन अवधि भनेको मतदान हुने दिनको अघिल्लो ४८ घण्टा देखि मतदानको दिन मतदान केन्द्र बन्द नहुन्जेलसम्मको अवधिलाई भनिन्छ । यहि बैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनको लागि बैसाख २७ गते को राती १२ बजेदेखि मौन अवधि हुन्छ ।

**११६. मौन अवधिमा के के गर्नु हुँदैन ?**

मौन अवधिमा राजनीतिक दलका पदाधिकारी वा उम्मेदवार तथा दलको भ्रातृ सङ्गठन वा सम्बन्धित व्यक्तिले देहायका आचरण पालना गर्नु पर्नेछ :-

- मौन अवधिभर निर्वाचन प्रचार प्रसारलगायत कुनै पनि प्रकारका छलफल, अन्तरक्रिया, सभा सम्मेलन, कार्यशाला गोष्ठी आदि गर्न नहुने,
- मौन अवधि शुरू हुनुभन्दा अगाडि मतदान स्थलको तीन सय मिटर वरिपरि राखिएका राजनीतिक दल वा उम्मेदवारका प्रचार प्रसारका सामग्री हटाउनु पर्ने,

- कुनै पनि विधि, प्रक्रिया वा माध्यमबाट मत माग्न वा निर्वाचन प्रचार प्रसार गर्न नहुने,
- सामाजिक सञ्जाल, अनलाईन, छापा वा अन्य कुनै माध्यमबाट राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा कुनै सन्देश, सूचना वा प्रचार प्रसारका सामग्री पोष्ट वा शेयर गर्न वा गराउन नहुने ।

**११७. सवारी साधन मौन अवधिमा चल्छ कि चल्दैन ?**

सवारी साधन मौन अवधिमा चल्छ तर प्रचार प्रसार गर्न मिल्दैन ।

**११८. मतदानको दिन सार्वजनिक सवारी साधन चल्छ कि चल्दैन ?**

मतदानको दिन सार्वजनिक सवारी चल्दैन । तर अनुमति लिएको सवारी साधनहरु निश्चित क्षेत्रमा मात्र चलाउन पाइन्छ । त्यसैगरी सात महिनाभन्दा बढी अवधिको गर्भवती महिला, सुत्केरी, साथमा आफ्नै बच्चा बोकेको महिला, किरियापुत्री, शारीरिक रूपमा असक्त वा अपाङ्गता भएका व्यक्ति, हिँड्डुल गर्न नसक्ने जेष्ठ नागरिक जस्ता मतदाताका लागि निर्वाचन अधिकृतले अनुमति दिएको सवारी साधन प्रयोग गर्न बाधा पर्ने छैन ।

**११९. मतदान अधिकृतले मतदान गर्न पाइँन्छ ?**

मतदान अधिकृतले मतदान गर्न पाइँदैन ।

**१२०. जिल्लाको सम्पूर्ण मतदाता हेर्न कहाँ सम्पर्क गर्नु पर्ला ?**

सम्बन्धित निर्वाचन कार्यालयबाट दस्तुर तिरी लिन सकिनेछ ।

**१२१. मतपत्र ६ मा दुई वटा चिहनले के अर्थ राख्छ ?**

मतपत्र ६ मा एउटा दलबाट वडा सदस्यमा दुई जना उम्मेदवारलाई फरक चिहन देखाउनलाई एक उम्मेदवारलाई एउटा चिन्ह र अर्को उम्मेदवारलाई अर्को दुई वटा चिहन दिएको छ ।

**१२२. मतपत्र ६ मा कसरी मतदान गर्ने ?**

मतपत्र ६ मा कुनै पनि ठाउँमा २ वटा चिन्हमा छाप लगाउनु पर्दछ ।

**१२३. अर्ध सरकारी संस्थाको तलब खानेले उम्मेदवारी दिन पाउँछ ?**

अर्ध सरकारी संस्थाको तलब खाने ले उम्मेदवारी दिन पाउँदैन ।

**१२४. पेन्सन खानेले पनि उम्मेदवारी दिन पाउँछ ?**

पेन्सन खानेले उम्मेदवारी दिन पाउँछ ।

**१२५. पेन्सन खानेले प्रमुख भयो भने पेन्सन पाउँछ कि पाउँदैन ?**

कुनै एक सुविधा छोड्नुपर्दछ ।

**१२६. खटाएको कर्मचारी बिरामी भएमा के गर्ने ?**

खटाएको कार्यालयमा जानकारी गराउने र निजको स्थानमा जगेडाबाट खटाइन्छ तर झुटो विवरण दिन पाईदैन ।

**१२७. दलित महिला नै वडामा भएन भने के गर्ने ? अन्य महिलालाई सो स्थानमा उम्मेदवार बनाउन मिल्छ ?**

दलित महिलाको स्थानमा अन्य महिलालाई उम्मेदवार बनाउन मिल्दैन ।

**१२८. एउटा वडाको मान्छे अर्को वडामा गएर उम्मेदवार बन्न पाउँछ ?**

एउटा वडाको मान्छे अर्को वडामा गएर उम्मेदवार बन्न पाउँदैन ।

**१२९. सवारी पास कहाँ बाट लिने ?**

आयोगले तोकेको निकायबाट, हाल निर्णय हुन बाँकी छ ।

**१३०. मतदानको दिन विवाह परेको छ, सवारी पास पाइन्छ ? कहाँबाट र कति जनालाई कहाँ सम्म र कति वटा साधन सम्मका लागि पास दिन्छ ?**

आयोगको स्वीकृत सवारी निर्देशिकामा उल्लेख भए बमोजिम तोकिएको निकायबाट तोकिएको क्षेत्रमा र सङ्ख्यामा पाइन्छ ।

**१३१. मतदान अधिकृत कहिलेसम्म केन्द्रमा पुग्ने ?**

सम्बन्धित निर्वाचन अधिकृतले – मतदान स्थलसम्म पुग्न लाग्ने समय विचार गरी पठाउनु हुन्छ ।

**१३२. कुन कर्मचारी कहाँ खटाएको छ कसरी थाहा पाउन सकिन्छ ?**

सूची सार्वजनिक गरिन्छ ।

**१३३. बहुविवाह गरेकाले उम्मेदवार बन्न पाउँछ ?**

प्रचलित कानुन बमोजिम अयोग्य हुने भनिएको छ भने पाउँदैन ।

**१३४. दलको एजेन्ट बस्न मतदाता नामावलीमा नाम हुनु पर्छ ?**

दलको एजेन्ट बस्न मतदाता नामावलीमा नाम हुन आवश्यक छ ।

**१३५. कल सेन्टर बाट कति बजेदेखि कति बजेसम्म सेवा लिन सकिन्छ ?**

हाल बिहान ९ देखि साँझ ७ सम्म कल सेन्टरको ११०२ मा फोन गरी सेवा लिन सकिन्छ । त्यस बाहेकको समयमा कल सेन्टरमा सन्देश छोड्न सकिन्छ ।

**१३६. प्रमुख / उपप्रमुख पदमा उम्मेदवारी दिन आवश्यक योग्यता के हो ?**

(क) नेपालको नागरिक,

(ख) एक्काईस वर्ष उमेर पूरा भएको,

(ग) अध्यक्ष, उपाध्यक्ष, प्रमुख वा उपप्रमुख पदको लागि सम्बन्धित गाउँपालिका वा नगरपालिकाको कुनै वडाको तथा वडा अध्यक्ष र वडा सदस्यको पदको लागि सम्बन्धित वडाको अन्तिम मतदाता नामावलीमा नाम समावेश भएको,

(घ) कुनै कानूनले अयोग्य नभएको ।

**१३७. पहिलो स्वस्तिक छाप स्पस्ट नभएर पुन: प्रयोग गरेमा अर्थात् कुनै चिन्नमा दुई पटक छाप लगाएमा बदर हुन्छ ?**

त्यस्तो अवस्थामा मतपत्र बदर हुन्छ ।

**१३८. राष्ट्रिय परिचय पत्र र नागरिकता देखाएर मतदान गर्न सकिन्छ ?**

निर्वाचन आयोगले अहिले नै निर्णय नगरेकाले भन्न सकिँदैन, तर अब केही दिनमा निर्णय गरेर यो व्यवस्था लागू हुन सक्छ ।

**१३९. निर्वाचन परिणाम कहाँ हेर्न सकिन्छ ?**

निर्वाचन अधिकृतको कार्यालयमा सम्बन्धित निर्वाचन परिणाम हेर्न सकिन्छ, निर्वाचनको अन्तिम परिणाम आयोगले समेत पछि सार्वजनिक गर्दछ निर्वाचन आयोगको वेबसाइटमा www.election.gov.np

**१४०. राजनीतिक दल तथा उम्मेदवारले चन्दा लिन पाउँछ ?**

राजनीतिक दल तथा उम्मेदवारले चन्दा लिन पाउँछ तर राजनीतिक दल तथा उम्मेदवारले निर्वाचन सम्बन्धी खर्च गर्दा बैंक वा वितिय संथामा खाता खोलि गर्नु पर्ने, २५ हजार रुपैया भन्दा बढी आर्थिक सहयोग प्राप्त गर्दा बैंक संस्थामा र वित्तीय मार्फत गर्नु पर्ने, सो रकम बुझेको भरपाई वा रसिद दिए खातामा जम्मा गर्नु पर्दछ ।

## १४१. स्थानीय तहका जनप्रतिनिधिहरूको शपथ ग्रहण सम्बन्धी व्यवस्था के छ ?

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहका अध्यक्ष तथा प्रमुखले निर्वाचित भएको सात दिनभित्र आफ्नो कार्यभार सम्हाल्नुअगावै सम्बन्धित जिल्ला न्यायाधीशसमक्ष पद तथा गोपनीयताको शपथ लिनुपर्ने व्यवस्था छ । उपाध्यक्ष, उपप्रमुख, वडाअध्यक्ष र वडा सदस्यले अध्यक्ष वा प्रमुखसमक्ष आफ्नो कार्यभार सम्हाल्नुअगावै पद तथा गोपनीयताको शपथ लिनुपर्छ ।

## १४२. उम्मेदवार तथा दलले निर्वाचन खर्च कति दिन भित्र बुझाउनु पर्छ ?

निर्वाचन परिणाम घोषणा भएको मितिले तीस दिन दिनभित्र निर्वाचन कार्यालयमा पेश गर्नु पर्दछ  यसरी प्राप्त भएको खर्च को विवरण  सम्बन्धित  कार्यालयले आयोगमा पठाउनु पर्दछ ।

## १४३. निर्वाचनमा खटिने कर्मचारीहरुले मतदान गर्न पाउँछन् ?

पाउँदैन, किनकि उनीहरुलाई आफ्नो मतदाता नामावली भएको सम्बन्धित वडामा खटाइदैन ।

## १४४. उम्मेदवार आफैँ प्रतिनिधि बस्न पाउँछ ?

उम्मेदवार आफैँ प्रतिनिधि बस्न पाउँछ ।

**१४५. मतदाता परिचय पत्र लिन आफैं जानु पर्छ कि अरु कोहीले लिन सक्छ ?**

एकाघरको परिवारको सदस्यले स्वयम् उपस्थित भएर परिवारको अन्य सदस्यको मतदाता परिचय पत्र लिन पाउँछ ।

**१४६. मतदाता परिचय पत्र हराएमा के गर्ने ?**

हाल पुन: अर्को मतदाता परिचय पत्र पाउने व्यवस्था छैन ।

**१४७. दुई जना स्वतन्त्र उम्मेदवारले एउटा निर्वाचन चिहन लिएर निर्वाचनमा लड्न पाउँछ ?**

दुई जना स्वतन्त्र उम्मेदवारले एउटा निर्वाचन चिहन लिएर निर्वाचनमा लड्न पाउदैन ।

**१४८. एक जना उम्मेदवारले कति जनासम्म प्रतिनिधि राख्न पाउँछ ?**

एक/ एकजना आलोपालो ।

**१४९. सवारी अनुमति पत्र ले मतदान गर्न जना सकिन्छ ?**

सकिँदैन (सक्नका लागि आयोगले निर्णय गर्नुपर्छ) ।

**१५०. नयाँ मतदाताले मतदाता परिचय पत्र कहिलेसम्म प्राप्त गर्छन् ?**

अन्तिम मतदाता नामावलीमा नाम भएको व्यक्तिले आ-आफ्नो केन्द्रबाट निर्वाचनको अघिल्लो दिनसम्म पाउँछ ।

**१५१. कति वटा राजनीतिक दलले स्थानीय तह निर्वाचनमा भाग लिई राखेका छन् ?**

जम्मा ७९ दलले निवेदन दिएको छन् तर जिल्लागत रुपमा सो फरक फरक छ ।

**१५२. सहायक मतदान अधिकृत को हुन्छन् ?**

प्राय: मतदान अधिकृत भन्दा १ तह मुनिको अधिकारी ।

**१५३. उम्मेदवारले कति वटा सवारी साधन प्रयोग गर्न सक्छ ?**

निर्वाचन अधिकृतको अनुमति लिई उम्मेदवार भएको सम्बन्धित निर्वाचन क्षेत्र वा उम्मेदवार भएको सम्बन्धित निर्वाचन क्षेत्र वा उम्मेदवार भएको स्थानमा बढीमा दुईवटा दुईपाङ्ग्रे वा तीनपाङ्ग्रे वा चारपाङ्ग्रे विद्युतीय तथा यान्त्रिक शक्तिबाट चल्ने हलुका सवारी साधन र त्यस्ता सवारी साधन नचल्ने ठाउँमा बढीमा चारवटा घोडा प्रयोग गर्न सक्ने छ ।

**१५४. एउटा दलको लागी अनुमति लिएको सवारी सदन अर्को दल वा उम्मेदवारले प्रयोग गर्न पाइन्छ ?**

एउटा राजनीतिक दल वा उम्मेदवारको नाममा अनुमति लिएको सवारी साधन अन्य राजनीतिक दल वा उम्मेदवारलाई प्रयोग गर्न दिन वा अन्य उम्मेदवारले प्रयोग गर्न पाइँन्दैन ।

**१५५. निर्वाचनमा खटिने  कर्मचारीलाई बिमाको व्यवस्था छ ?**

निर्वाचन आयोगले निर्वाचनमा खटिने कर्मचरीहरुको एकमुस्ट २० लाख रुपैया बराबरको दुर्घटना बिमा गरको छ ।

## १५६. मतदान अधिकृतको हस्ताक्षर नभएको मतपत्र प्राप्त भयो भने के गर्ने ?

मतदाताले मतपत्रमा छाप लगाउनु अघि मतदान अधिकृतको हस्ताक्षर नभएको फेला पारेमा सहि गर्न लगाउने । हस्ताक्षर नभएको मतपत्र बदर हुन्छ ।

## १५७. अहिले आफ्नो नाम एउटा मतदान केन्द्रबाट अर्कोमा सार्नु मिल्छ?

अहिले आफ्नो नाम एउटा मतदान केन्द्रबाट अर्कोमा सार्नु मिल्दैन । यसको लागि आयोगले निश्चित समय सीमा दिएको हुन्छ ।

## १५८. मतगणना स्थलमा कसलाई प्रवेश अनुमति दिइन्छ ?

मतगणना स्थल एकदमै संवेदनशील क्षेत्र हुँदा मतगणना स्थलमा प्रवेशलाई व्यवस्थित गर्न प्रवेश अनुमति अर्थात् प्रवेश पासको व्यवस्था गरिएको हुन्छ । सामान्यतया देहायका व्यक्तिलाई मतगणना स्थलमा प्रवेशका लागि निर्वाचन अधिकृतले प्रवेश अनुमति दिने व्यवस्था गरिएको हुन्छ:

- पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबमोजिम हुने निर्वाचनको मतगणनाका लागि उम्मेदवार वा निजको एक जना निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधि,
- मतगणनाको काममा खटिएका कर्मचारी,
- आयोगबाट अनुगमन वा अन्य प्रयोजनका लागि खटिएका पदाधिकारी वा कर्मचारी,

- आयोगबाट अनुमति प्राप्त स्वदेशी तथा विदेशी पर्यवेक्षकले निर्वाचन अधिकृतको अनुमति लिएर
- सुरक्षाका लागि खटिएका कर्मचारी,
- आयोग वा निर्वाचन अधिकृतबाट अनुमति पाएका व्यक्ति ।

## १५९. मतगणना गरिने स्थान कसले तोक्छ ?

निर्वाचन अधिकृतले मतदान हुने दिन भन्दा अगाबै मतगणना गरिने स्थान तोकिसकेको सूचना प्रकाश पर्नु पर्दछ

गाउँपलिका वा नगरपालिका को कुनै पदको निर्वाचनको लागि निर्वाचन अधिकृतको कार्यालय वा गाउँपालिकाको भवन रहेको कार्यालय जिल्ला समन्वय समितिको कुनै पदको लागि मुख्य निर्वाचन अधिकृतको कार्यालय वा जिल्ला समन्वय समितिको कार्यालयमा मतगणना गरिन्छ ।

मतगणना गर्दा कोठा वा ठाउँमा मतगणना गर्ने व्यवस्था गर्नु पर्दछ । यदि एउटा कोठामा पर्याप्त ठाउँ नपुगे सोहि भवनको अर्को कोठामा मतगणना गर्न सकिन्छ । तर छुटै भवनमा मतगणना गर्नु हुँदैन ।

## १६०. मतगणनाको ताजा परिणाम कहाँ र कसरी हेर्न सकिन्छ ?

आयोग र सम्बन्धित निर्वाचन कार्यालयले समय समयमा मतगणनाको विवरण सार्वजनिक गर्दछ । यसका लागि विशेष व्यवस्था गरेको हुन्छ (आयोगको वेबसाइटमा राख्ने)। निर्वाचन अधिकृतले मतगणनाको कम प्रारम्भ गरेपछि सो पदको निर्वाचनका लागि ताकिएको सबै मतदान केन्द्रको सबै

मतपेटिकामा रहेको सबै मतपत्रका गणना नसकेसम्म मतगणना कम लगातार गर्नु पर्दछ ।

## १६१. मत बराबर भएमा के हुन्छ ?

कुनै निर्वाचनमा मतदान भएको सबै मतपत्र गणना कार्य समाप्त भएपछि, दुई वा दुई भन्दा बढी उम्मेदवारले प्राप्त गरेको सदर मत बराबर भई निर्वाचित उम्मेदवार छुटाउन नसके निर्वाचन अधिकृतले बराबर मत प्राप्त गर्ने उम्मेदवारको बिच गोला प्रथा गरी निर्णय गर्नु पर्ने हुन्छ । त्यसरी गोला प्रथा द्वारा छानिएको उम्मेदवारले एक मत बढी प्राप्त गरेको मानिन्छ ।

## १६२. उम्मेदवार वा कुनै प्रतिनिधिको अनुपस्थित भएमा मतगणना हुन्छ कि हुँदैन ?

निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधि वा मतगणना प्रतिनिधि नियुक्ति वा उम्मेदवार वा निजको कुनै प्रतिनिधि उपस्थित रहनु पर्ने अवस्थामा उपस्थित नरहेमा वा निजहरु मध्ये कसैले गर्नुपर्ने काम नगरेमा सोहि करण मात्र मतदानको वा मतगणनाको काम रोकिने छैन ।

## १६३. निर्विरोध निर्वाचित भनेको के हो ?

कुनै पदका लागि जति जना निर्वाचित हुनु पर्ने हो त्यति नै जना वा सो भन्दा कम उम्मेदवार कायम हुन आएमा निर्वाचन अधिकृतले सो पदमा त्यस्तो उम्मेदवार निर्विरोध निर्वाचित भएको भनी घोषणा गर्नेछ ।

**१६४. कस्ता उम्मेदवारको धरौटी जफत हुन्छ ?**

निर्वाचनमा मतदान गरिएको जम्मा सदर मत को १०% भन्दा कम सदर मत पाउने उम्मेदवारको धरौटी जफत हुन्छ । तर निर्वाचित हुने उम्मेदवारको हकमा यो लागु हुँदैन ।

**१६५. वृद्धाश्रम, कारागार, अस्पतालमा बसेकाहरुले यस निर्वाचनमा मतदान गर्न पाऊँछ ?**

यस पटक यो प्रावधान हालसम्म छैन ।

**१६६. सवारी साधनको रयाली गर्न पाउँछ ?**

पाउँदैन

**१६७. सरकारले मतदानको दिन सार्वजनिक बिदा दिन्छ ?**

सरकारले मतदानको दिन सार्वजनिक बिदा दिने व्यवस्था छ ।

**निर्वाचन आयोग, नेपाल**
कान्तिपथ, काठमाण्डौ, नेपाल
फोनः ९७७ (१) ४२२८६६३ र ४२२५५८०
ईमेलः info@election.gov.np
www.facebook.com/ecnofficial